नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र सङ्ख्या ०७५/०७६
चलानी नम्बर ४४०

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०७५।१२।२९

श्री सुशासन शाखा,
[signature]
१२।२९.

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार ।

विषयः विद्यार्थी भर्ना अभियान २०७६ सम्बन्धमा ।

प्रस्तुत विषयमा विगत २०६१ सालदेखि विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई अभियान कै रुपमा विद्यालयमा प्रवेश गराउने कार्यक्रमका रुपमा विद्यार्थी भर्ना अभियान प्रत्येक वर्ष बैशाख २ गतेदेखि सञ्चालन हुदै आएको व्यहोरा अवगतै छ । शैक्षिक सत्र २०७६ का लागि नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट **"हाम्रो नगर हाम्रो गाउँ, सबै बाबालिकालाई विद्यालय पुऱ्याऔं"** भन्ने आदर्श वाक्य चयन गरी भर्ना अभियान २०७६ यही बैशाख २ गतेबाट सन्चालन गरिदैछ । यस अभियानमा महत्वपूर्ण भूमिका स्थानीय तहको नै रहने भएकाले ताहाँ मन्त्रालयबाट सबै स्थानीय तहलाई न्यूनतम रुपमा निम्न कार्य गर्ने व्यवस्था मिलाइ दिनु हुन यस मन्त्रालयको मिति २०७५।१२।२९ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ :

१. सबै स्थानीय तहहरुले आफ्नो वेब साइटमा **"हाम्रो नगर हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं"** भन्ने आदर्श वाक्य राख्ने व्यवस्था मिलाउने ।

२. आफ्नो क्षेत्रमा विद्यालय बाहिर रहेका हरेक समूहका बालबालिकाहरूको नाम नामेसीसहितको विवरण २०७५ फागुन १६ गतेको गोरखापत्रमा प्रकाशित फारम बमोजिमको ढाँचामा सङ्कलन गर्ने व्यवस्था मिलाइ तिनीहरूलाई विद्यालयमा भर्ना गर्ने र निरन्तर रूपमा टिकाउनका लागि कार्य योजना निर्माण तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

३. जिल्लाको औसत खुद भर्ना दरभन्दा कम रहेका गाउँपालिका, नगरपालिका, वडा तथा पिछडिएको क्षेत्रअन्तर्गतका खास बस्ती पहिचान गरी सरोकारवाला सबैसँगको समन्वय र सहकार्यमा सघन रूपमा कार्यक्रम सञ्चालन गर्ने

४. बैशाख १५ गतेसम्म हरेक स्थानीय तहले विद्यालय र समुदाय केन्द्रित विभिन्न कार्यक्रम गर्ने र १५ गते पछि बैशाख मसान्तसम्म लक्षित समूह केन्द्रित विशेष घरदैलो अभियान सञ्चालन गर्ने ।

५. स्थानीय रेडियो, एफएम तथा पत्रपत्रिकामा विद्यार्थी भर्ना अभियान सम्बन्धी सार्वजनिक सन्देश, भर्ना अभियानसम्बन्धी गीत, लेख, रचना आदि स्थानीय भाषामा समेत प्रशारण तथा प्रकाशनको व्यवस्था मिलाउने ।

६. सामाजिक अभियन्ता, शिक्षाप्रेमी र समाजसेवी, राजनीतिकर्मी र इच्छुक व्यक्ति तथा संस्थाहरुलाई भर्ना अभियानमा सरिक हुन आह्वान गरी अभिभावकत्वको समेत व्यवस्था मिलाउने ।